# अध्याय -१

# आत्मिक पुनर्जागरणका निम्ति आह्वानहरू

## चर्चको सबभन्दा ठुलो आवश्यकता

हामी सेभेन्थ-डे एडभेन्टिस्टहरू हौं भनेर दावी गर्छौं र त्यो दावी ठिक पनि हो। तर हामीमा एउटा कुरोको अत्यन्तै अभाव भएको महसुस गरिरहेका छौं। त्यो हो, हामीमा हुनुपर्ने धर्मपरायणता वा ईश्वरीयताको पुनर्जागरण। प्रत्येक सेभेन्थ-डे एडभेन्टिस्ट येशूभक्तमा येशूको मिजास वा व्यक्तित्व हुनु अत्यन्तै आवश्यकता छ र त्यो जनमानसको माग पनि हो। हामीहरूमा देखावटी वा अरूहरूको सामु धर्मी र ईश्वरभक्ति छौं भनेर देखाउने नभएर भित्री हृदयदेखि नै सच्चा र पक्का येशूका भक्त हौं भनेर व्यवहारमा नै उतारेर देखाउनु आजको युगको माग हो। चर्चका आवश्यकताहरूमा परमेश्वरप्रति सक्कली रूपमा आशक्त हुनु हामी सबैको अत्यन्तै खाँचो छ। हाम्रो आस्थाको जीवनको प्राथमिकतामा ईश्वरीय पुनर्जागरण हुनु पर्छ भनेर चर्चका सबै विश्वासीहरूले महसुस गर्नु अत्यावश्यक ठान्नैपर्दछ। परमेश्वरले दिन चाहनुभएको वरदान प्राप्त गर्न हामी सबैले भरमग्दुर इमान्दारितासाथ प्रयास गर्नु जरुरी छ। उहाँले हामीमाथि आशिष खन्याउन हिचकिचाउनुभएको त छैन, तर त्यो आशिष वा उहाँले दिन चाहनुभएको वरदान पाउन हामी तयार छैनौं। पवित्र आत्माका निम्ति याचना गर्नेहरूलाई त्यो आत्मा दिन स्वर्गमा रहनुभएको हाम्रा परमपिता अत्यन्तै आत्तुरी हुनुहुन्छ। संसारका बाबुआमाहरूले दिन चाहेका असल वरदान वा उपहारभन्दा पवित्र आत्माको उत्तम वरदान परमेश्वरले हामीलाई दिन चाहनुहुन्छ। तर परमेश्वरले प्रदान गर्छु भनेर प्रतिज्ञा गर्नुभएको पवित्र आत्माको वरदान पाउन शर्तहरू छन्। येशूप्रतिको आस्थामा सक्रिय र उपलब्धीमूलक जीवन बिताउनु, हाम्रो पाप र कमजोरीहरूको स्वीकार गर्नु, पश्चात्ताप गर्नु र हृदयदेखि प्रार्थनाको जीवन बिताउनुपर्छ वा चाहना गर्नुपर्दछ। आत्मिक पुनर्जागरण केवल प्रार्थना गरेर मात्र पाउन अपेक्षा गर्नुपर्दछ। निःसन्देह, मानिसहरू पवित्र आत्माको अभावग्रस्त छन्। तिनीहरूले परमेश्वरको वचन सुन्न चाहन्नन्, बाइबलप्रति भोका पनि छैनन्, न त कसैले प्रचार गरेको वास्ता नै गर्न सक्छन्। तर जब पवित्र आत्माको शक्तिले तिनीहरूका हृदय छुन्छन् तब

तिनीहरूलाई सुनाएको परमेश्वरका वचन खेर जाँदैन। मानिसहरू परमेश्वरको वचनको शिक्षादीक्षा अनुसार चल्न र पवित्र आत्माको प्रभावमा हिँड्न र उचित तथा स्वस्थ निर्णयमा चल्न चाहना गर्नुपर्दछ। जव तिनीहरूले सुसमाचार सुन्न सरिक हुन्छन् तब तिनीहरूले बहुमूल्य अनुभव प्राप्त गर्न सक्छन्। जब सुसमाचारीय कार्यक्रमबाट घर फर्किन्छन् तिनीहरू आफ्नो जीवनमा स्वस्थ र नयाँ आयामको प्रभावमा चल्न सक्नेहुन्छन्।

परमेश्वरको चिराख बोक्ने बाइबलका ईश्वरभक्त पात्रहरू र विगत इतिहासका येशूभक्त खम्बाहरूलाई प्रार्थनाद्वारा उहाँसँग कुस्ती खेल्नु भनेको के हो सो थाहा थियो। त्यसको फलस्वरुप पवित्र आत्माको प्रवाहमा पौडी खेलेर तिनीहरू रमाउन सकेका थिए। तर तिनीहरूको क्रियाकलाप एक चरणबाट अर्को चरणमा गएर टुङ्गिएको थियो। अब तिनीहरूको ठाउँ कसले लिने? आइरहेको र उदय भइरहेको पुस्ताको आत्मिक स्थिति कस्तो छ? के तिनीहरूको हृदय परिवर्तन भएर परमेश्वरप्रतिको निष्ठामा एकाग्र भएको छ त? स्वर्गको पवित्र मन्दिरमा भइरहेको येशूको पुनित कामप्रति के हामी सजग छौं त? हामीमा आत्मिक पुनर्जागरण हुनुभन्दा पहिले के चर्चलाई उत्तेजित गराउने सशक्त शक्तिका निम्ति के हामी पर्खिरहेका छौं त? हामीभित्रबाट होइन हामीलाई जगाउन के बाहिरी स्रोतबाट बाध्य गरोस् भनेर हामी अपेक्षा गरिरहेका हौं त? के सारा चर्च वा सेभेन्थ-डे एडभेन्टिस्ट विश्वासीहरूले एकैपल्ट पुनर्जागृत होस् भनेर हामी आशा गरिरहेका छौं त? याद गर्नुहोस्, त्यो समय कहिल्यै पनि आउनेछैन।

चर्चमा सेभेन्थ-डे एडभेन्टिस्टका खोलहरू ओढ्ने कतिपय मानिसहरू छन् जो परमेश्वरसँगको निष्ठामा सक्कलीरूपमा छैनन्। तिनीहरूमा आत्मिक, मिजास र मानसिक परिवर्तन भएको छैन। तिनीहरू इमान्दार भएर हृदयदेखि नै प्रचलित वा सङ्गतिमा आह्वान गरिएको प्रार्थनामा सहभागी हुन चाहँदैनन्। हामी सबै जना व्यक्तिगत रुपमै आत्मिक पुनर्जागरणका निम्ति प्रयत्नशील हुनुपर्दछ। हामी धेरै प्रार्थना गर्नुपर्छ र थोरै कुरा गर्नुपर्छ। धेरै अधर्महरूको बिगिबिगि छ। केवल औपचारिक र देखावटी धर्मी जीवनप्रति हामी सन्तुष्टी हुनुहुन्न भनेर हामीले विश्वासीहरूलाई सिकाउनैपर्छ। परमेश्वरको आत्मा र शक्तिबिनाको धार्मिक क्रियाकलापमा आत्मिक स्वाद हुँदैन। हाम्रा हृदयका नियतहरूलाई खोतल्नु पर्दछ, हाम्रा पापहरूलाई पन्छाउनपर्दछ। हाम्रा खराब प्रवृत्तिहरूलाई सच्याउनैपर्दछ। यदि यसो गरिएमा हामीले हाम्रा भाउहरू खोज्दैनौं र व्यर्थमा हामी उचलिन चाहने हुँदैनौं। अनि, हामी कमजोरी छौं भनेर

हाम्रा धार्मिक क्रियाकलापप्रति भरोसा राख्ने हुँदैनौं, हरदम परमेश्वर नै हाम्रो एथेष्ट वा पूर्णता हुनुहुन्छ भनेर उहाँसँगै टाँसिएर बस्ने हुन्छौं।

हामी हाम्रा हृदयबाट नै धेरै त्रसित हुनुपर्दछ, बाहिरबाट होइन। चर्चमा बाधा दिने र चर्चको सफलता र बललाई रोक्ने तत्त्वहरू बाहिरी संसारबाट होइन चर्चभित्रै बढी हुन्छन्। सेभेन्थ-डे एडभेन्टिस्ट हौं, परमेश्वरका दश आज्ञाहरू पालन गर्छौं र हामीमा येशूमाथि वा येशूको विश्वास छ भनेर दावी गर्नेहरूबाट अनविश्वासीहरूले धेरै अपेक्षा गरेका हुन्छन्। अरू कुनै वर्गभन्दा तिनीहरूको जीवन आदरणीय हुनुपर्दछ र आस्थाप्रति गौरवान्वित हुनुपर्छ। तिनीहरूको जीवन र आचरण तिनीहरूले बोलेको अनुसार हुनुपर्छ। तिनीहरू ईश्वरभक्तीय अनुसरणीय उदाहरण हुनुपर्दछ। तिनीहरूले गरिमामय सेभेन्थ-डे एडभेन्टिस्ट शिक्षादीक्षालाई प्रतिनिधित्व गरेर सक्रिय प्रभाव खेल्नुपर्छ। तर यो दुःखलाग्दो छ कि कतिपय समयमा सेभेन्थ-ड एडभेन्टस्ट हौं भनेर दावी गर्नेहरूबाट नै चर्च र सत्यको प्रगतिको निम्ति अत्यन्तै ठुलो बाधा भएको प्रमाणित गरिरहेका छन्। कतिपय सेभेन्थ-डे एडभेन्टिस्टहरू नै चर्चको शिक्षादीक्षाप्रति सहमत नहुने प्रवृत्ति, शङ्का र आलोचना वा गनगन गर्ने प्रवृत्तिमा झुमिरहेका हुन्छन्। तिनीहरूले नै अन्धकारलाई पोसिरहेको हुन्छ। तिनीहरूले नै दुष्ट स्वर्गदूतहरूको उपस्थितिलाई निम्त्याइरहेका हुन्छन्। ती सेभेन्थ-डे एडभेन्टिस्ट हौं भनेर दावी गर्नेहरूबाट नै सैतानका योजनाहरूलाई पूरा गरिरहेका हुन्छन्।

## हाम्रो प्रतिद्वन्द्वी सैतानको भित्राउन खोलाइरहेको ढोका

मानिसहरूका चेतना वा दिमागमा तिनीहरूले के सोचिरहेका छन् भनेर पढ्न सैतानलाई अनुमति दिएको छैन। तर मानिसहरूले के गरिरहेका छन् सो चियाउन सैतान खप्पिस छ। तिनीहरूले बोलेका प्रत्येक शब्द उसले टिपिरहेको हुन्छ। तिनीहरूको क्रियाकलापलाई उसले लेखाजोखा राख्दछ। उसले बडो दक्षपूर्वक जाल रचेर तिनीहरूलाई फसाउँछन् ताकि तिनीहरू उसको काबुमा बसून्। यदि हामीमा आउने खराब सोचविचार, भावना र खराब क्रियाकलापहरूलाई दवाउन प्रयास गऱ्यौं र तिनीहरूलाई हामीबाट फुट्कन दिएनौं भने सैतान पराजित हुनेछ। ती मानिसहरूलाई फसाउन उसले भ्रमको खेती गर्न नसक्ने हुन्छ।

तर कतिपय समयमा इसाई हौं भनेर दावी गर्नेहरूमा आत्मनियन्त्रण नहुँदा मानिसहरूको शत्रु वा विरोधी सैतानलाई तिनीहरूले नै ढोका खोलिरहेका

हुन्छन्। यो तितो सत्य हो कि सांसारिक समुदायमा तिरस्कृत विभाजनहरू, सेभेन्थ-डे एडभेन्टिस्टहरूका फाटो ल्याउने र नकारात्मक मत भिन्नता वा एक आपस नमिल्ने मिजास चर्चहरूमा साधारण जस्तै अवस्थित भइरहेको छ। चर्चका विरुद्धमा उब्जेका गलत भावनाहरूलाई अलिकति पनि नियन्त्रण नगर्दा र चर्चका सम्बन्धलाई दखल हुने शब्दहरू नदबाउँदा त्यसको फाइदा सैतानले उठाएको हुन्छ। जब असहमत र अलगिने भावना विश्वासीमा उम्रिन्छ तब त्यो सैतानको निरीक्षणमा पर्दछ र उसले केलाउन थाल्दछ। उसको सर्पको जस्तो धूर्तपनालाई मानिसहरूले आफ्नो दिमागमा भित्र्याउने अवसर दिए भने उसले आफ्नो खुबीलाई प्रयोग गरेर चर्चलाई नै तहसनहस गराउन अग्रसर हुन्छ। चर्चलाई विभाजन गर्ने र चर्चको लक्ष्यलाई ठुक्राउन सैतान जहिले पनि चनाखो भएर हेरिरहेको हुन्छ। जब चर्चका विश्वासीहरूका बिचमा कुनै मतभिन्नता र आफ्नो भाउमा अरू चलेनन् भने त्यसबाट अलग हुने प्रवृत्ति विश्वासीहरूको दिमागमा पस्दछ तब चर्चको निम्ति ठुलो नोक्सानी हुन जान्छ। प्रत्येक पल्ट जब विश्वासीहरूको बिचमा कचकच हुन्छ, तब चर्चको निम्ति ठुलो बेफाइदा हुन जान्छ। दुवै पक्षका व्यक्तिगत साथीहरू आआफ्ना पक्षहरूमा सम्मिलित हुन्छन् र आफूहरूका दृष्टिकोणमा ल्याउन विश्वासीहरूलाई भड्काउँछन् र चर्च र विश्वासी विश्वासीहरूको बिचमा ठुलो खाडल बन्न थाल्दछ। यदि घर विभाजित भयो भने त्यो घर टिक्दैन। एक आपसमा दोषारोपण गर्ने प्रवृत्ति र आपराधिक मनस्थिति वा अरूहरूलाई गिराउने वातवरण खडा हुन्छ। यदि ती प्रवृत्तिहरूलाई दवाइएन भने झन झन बढ्दछ र मनमुटाव हुन्छ र चर्च नै टुक्रिन्छ। सैतान र उसका दुष्ट दूतहरू ती विश्वासीहरूले रोपेका मतभिन्नताको बिऊलाई बढाएर कटानी गर्न अत्यन्तै सक्रिय भइरहेका हुन्छन्।

जब सेभेन्थ-डे एडभेन्टिस्ट वा इसाई भनाउँदाहरू एक आपसमा टुक्रा टुक्रा हुन्छन्, एक समूहबाट अर्को समूहमा विभिन्न सम्प्रदायहरूमा विभाजिन हुन्छन्, आधिकारिक चर्चबाट अलग भएर आआफ्नै चर्चहरू खडा गर्छन् तब संसारका मानिसहरूले गिज्याउँदै तिनीहरूका बारेमा मजाक उठाएर बोल्दछन्, "हेर हेर, ती इसाईहरू एक आपसमा कसरी घृणा गर्दछन्! यदि यो येशू धर्म हो भने हामीलाई चाहिँदैन।" अनि तिनीहरू एक आपसमा हेरेर गफ गर्छन् र तिनीहरूको अधार्मिक चरित्रलाई अत्यन्तै सन्तुष्टि मानेर चित्त बुझाउँछन्। यसरी तिनीहरू आफ्ना आत्मिक नपुंसकतालाई अनुमोदन गर्दै खुशी हुन्छन्। आफू सफल भएकोमा सैतान हर्षले गदगद हुन्छ।

धोखेबाज सैतानले आफ्ना अनेकौं युक्तिहरू जुटाएर इसाई भनाउँदाहरूलाई फसाउँछ। जब तिनीहरू निरन्तर प्रार्थना र जीवित विश्वासमा सक्रिय भएर आफूहरूलाई सुरक्षित राख्दैनन् तब चर्चसँगको सम्बन्धमा अलिकति तलमाथि हुने बित्तिक्कै तिनीहरू सैतानको फन्दामा पर्दछन्।

हामी सेभेन्थ-डे एडभेन्टिस्ट भएर प्रभुको सेवाकार्यमा लाग्नेहरूले हामीलाई ठक्कर दिने कुनै पनि तत्त्वलाई पन्छाउन प्रयास गरिरहनैपर्छ। प्रत्येक बाधाअड्चन हामीले हटाउनैपर्छ। हामीमा भएका सानातिना फाटो ल्याउने पापी मिजासलाई स्वीकार गरेर त्यागौं। त्यसले गर्दा प्रभुका आगमनको लागि हामी तयार हुन सकौं। हामीहरूको जमघटमा उहाँ आउन र हामीलाई प्रशस्त उहाँले आशिष दिन सकोस्। परमेश्‍वरबाट टाढा राख्ने सांसारिक मायामोह, कामवासना वा इन्द्रियतृप्तिको निम्ति मात्र जिउने चाहना र सैतानलाई हामीले जित्नैपर्दछ।

संसारसँगै टाँसिएर बस्दा हामी उचित बाटोमा लाग्न सक्दैनौं न त उचित बाटोमा लाग्न कसैलाई तयार गर्न सक्छौं। (संसारको बारेमा यूहन्नाको भनाइ, '"संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर। यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन। *किनकि संसारमा भएका सबै थोक, अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन्*। संसार बितिजान्छ र त्यसको अभिलाषा पनि बितिजान्छ, तर परमेश्‍वरको इच्छा पूरा गर्नेचाहिँ सधैंको निम्ति रहन्छ' १ यूहन्ना २:१५-१७)

परमेश्वरबिना रहन वा जिउन चाहने वा यो जीवन मात्र हाम्रो अस्तित्व छ र अनन्त जीवनको ख्याल गर्न नचाहने सांसारिक जीवन उहाँसँग शत्रुताको जीवन हो। तर संसारमा भएका सबै थोक, अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखीको (१ यूहन्ना २:१६) फन्दामा परेर तिनीहरूप्रतिको मोहबाट हामी र अरूहरूलाई मुक्त पार्न परमेश्वरको शक्तिले सहयोग गर्न सक्दछ। हामीहरूको आफ्नै अथक प्रयासबाट वा शरीरलाई कष्ट दिएर सैतानको निर्णायात्मक र निरन्तर प्रलोभनबाट हामी सुरक्षित हुन सक्दैनौं। सैतान कहिल्यै नथाक्ने र हार्न नचाहने शत्रु हो। यदि हामी येशूभावनामा भिजिरह्यौं भने उहाँको बलले हामी सैतानको मुकाबिला गर्न सक्छौं। हामी यो चाहन्छौं कि चर्चको प्रत्येक सदस्यबाट अटुट रूपमा संसारका सामु परमेश्वरको आत्मज्ञानको ज्योति चम्काइ रहून्। अरूहरूभन्दा यी मानिसहरूमा के छ? भन्ने जिज्ञासा संसारको लोभ र मोहमा मात्र फस्ने मानिसहरूले राख्न सकोस्।

संसारसँग मिल्ने तर संसारसँग सम्झौता नगरी अलग बस्ने नीति प्रत्येक येशूभक्तले अपनाउन सक्नुपर्छ। कुनै किसिमको दुष्ट वा खराब छवीबाट येशूभक्त परै बस्नुपर्छ ताकि उसको खिलाफमा कसैले बोल्न नसकून्। येशूभक्तको कमजोरीको मौकाको फाइदा अरूहरूलाई दिनुहुन्न। अरूहरूको निन्दाबाट हामी भाग्न त सक्दैनौं, तर हाम्रै पाप, काम र मूर्खताबाट कसैलाई निन्दा गर्ने मौका दिनुहुन्न। येशूको इज्जत राख्न हामी सजग भइरहनुपर्दछ। जब परमेश्वरका जनहरूले आफूहरूमा भएका आत्मिक जोशलाई दिने बाधाहरू हटाउँछन् तब सैतान थुरथुर काम्दछ। जब सुस्त चर्च र सबै ठिक छ भन्ने आफूले आफैंलाई स्याबासी दिने चर्चका सदस्यहरू जाग्छन् ताकि परमेश्वरले उहाँको आत्मालाई खन्याउन सुरु गर्नुहुन्छ तब सैतान आत्तिन थाल्छ। चर्चमा सानो वा ठुलो कुनै पनि आत्मिक जागरण नहोस् भन्ने सैतान चाहन्छ। युगको अन्तमा चर्च सिथिल होस् भन्ने उसको चाहना हो। तर उसका गतिविधि, संयन्त्र, षड्यन्त्र र जुक्तिहरूप्रति हामी सजग भइरहनुपर्दछ। उसको शक्तिसँग मुकाबिला गर्न सम्भव छ। जब परमेश्वरको आत्मा वा आत्मिक जागरणको निम्ति बाटो तयार गरिन्छ, तब उहाँको आशिष खनिने निश्चित छ। जसरी आकाशबाट वर्षिने पानीलाई सैतानले बन्द गर्न सक्दैन त्यसरी नै परमेश्वरका जनहरूमा खनिने आशिषको वर्षा उसले रोक्न सक्दैन। दुष्ट मानिस र सैतानका दुष्ट आत्माले परमेश्वरको काममा बाधा दिन सक्दैन, न त उहाँका उहाँका जनहरूका बिचमा उहाँको उपस्थित हुनुबाट सैतानले रोक्न सक्छ। जब येशूभक्तहरू परमेश्वरको चाहनामा चल्ने निर्णय गर्दछन्, तिनीहरू आफ्नो भाउ नखोजी नरम र नम्र हृदयले सजिरहेका हुन्छन्, आफ्ना पाप स्वीकार गर्दै पन्छाउँछन् तब विश्वासमा अडिग भएर उहाँको प्रतिज्ञा आफ्नैको निम्ति हो भनेर जिकिर गर्न सक्दछन्। सैतानले ल्याउने प्रत्येक लालच, येशू बिरोधी प्रत्येक प्रभाव, चाहे प्रत्यक्ष होस् वा अप्रत्यक्ष होस् त्यसलाई सफलतापूर्वक सामना गर्न सकिन्छ। सारा जगत्का प्रभुले यो वचन दिनुहुन्छ, "तिम्रो बाहुबल र शक्तिले होइन तर मेरो आत्माले सफलतापूर्वक सैतानसँग भिड्न सक्नेछौ।" जकरिया ४:६।

## हामी अहिले नै प्रायश्चित्तका दिनमा छौं

पौराणिक इस्राएलको पवित्र मन्दिरमा वर्षको एक फेरा प्रायश्चित्त वा महान् आटोनमेन्ट दिन हुन्थ्यो। त्यसबेला मूल पूजारी पवित्र स्थानको महा पवित्रस्थानमा जान्थे र सारा इस्राएलको निम्ति क्षमा पूजा अर्थात् प्रायश्चित्तको

विधिद्वारा इस्राएलीहरूका पापहरूको निम्ति क्षमा मागिन्थ्यो। त्यो विधि पवित्र सन्दुकमा रगतले छर्केर गरिन्थ्यो। हामी पनि महान प्रायश्चित्तको दिनमा छौं। हाम्रा पापहरू स्वीकारेर र तिनीहरूका निम्ति प्रायश्चित गर्दछौं। यो अन्तिम न्यायको अगाडि हुने प्रक्रिया हो। परमेश्वरका सेवक र पास्टरहरूबाट हेलचेत्र्याइँ र सिथिल जोश उहाँको निम्ति मान्य छैन। पास्टरहरूको चिसो व्यवहार वा मन्द गवाहीले परमेश्वरको वर्तमान वा समसामयिक सत्यको प्रतिष्ठालाई सम्मान गर्दैन। यस युगमा दिने सन्देश परमेश्वरको चर्चको निम्ति खँदिलो खाना हुनैपर्छ। तर त्यस सन्देशको शक्तिलाई लुट्न सैतान भरमग्दुर प्रयास गरिरहेको छ। त्यसले गर्दा प्रभुको दोस्रो आगमनको निम्ति परमेश्वरका जनहरू तयार हुन असमर्थ भइरहेका छन्।

सन् १८४४मा हाम्रो महान् मूल पुजारी स्वर्गमा रहेको पवित्र स्थानको महापवित्र कोठामा पस्नुभएको थियो। उहाँले मानिसहरूको कामकार्बाही र नियतहरूलाई छानबिन गरी न्याय गर्ने काम सुरु गर्नु भएको थियो। मरेका धर्मीहरूका मामिलाहरू परमेश्वरका सामु समीक्षा गर्न उहाँले अगाडि सारिरहनुभएको छ। जब त्यो काम सम्पन्न हुनेछ तब जीवितहरूको निम्ति न्यायीक फैसला भएको घोषणा गरिनेछ। अहिले हामी बाँचिरहेको समय कस्तो गम्भीर क्षण रहेछ भनेर स्वीकार्नु अनिवार्य छ। अहिलेको समय अत्यन्तै महत्त्वपूर्ण र निर्णायक समय हो। हामी प्रत्येकको मामिला स्वर्गको न्यायलयमा परिरहेको छ। प्रत्येक मानिसले आफ्ना इन्द्रियले गर्ने कामको आधारमा न्याय गरिनेछ। पौराणिक इस्राएलमा जब मूलपूजारीले महापवित्र स्थानमा प्रायश्चित्तको विधि पूरा गरिरहेको हुन्थे त्यसबेला मानिसहरू परमेश्वरको सामु आफ्ना पापहरूको प्रायश्चित गर्न हृदयदेखि नै स्वीकार गरी दुःख मनाउनुपर्दथ्यो। त्यसो गर्दा तिनीहरूको पापको क्षमा हुन्थ्यो र मेटिन्थ्यो। पौराणिक इस्राएलमा प्रतीकका रूपमा त्यो विधि गरिन्थ्यो। अहिले येशूले त्यो विधि वास्तविक रूपमै पूरा गरिरहनुभएको छ। पवित्र स्थानमा ख्रीष्टले उहाँका जनहरूका निम्ति पहल गरिरहनुभएको छ। अब प्रत्येक मामिलाको अपरिवर्तनीय निर्णय गरिरहेको छ। यस परिस्थितिमा हाम्रो जीवनलाई कुन मोडमा हामीले लगिरहेका छौं त्यसको निर्णय अहिले नै हामीले गरिरहेका छौं भन्ने कुरामा हामी गम्भीर हुनुपर्दछ।

यस भयपूर्ण र गम्भीर समयमा हाम्रो स्थिति कस्तो हुनुपर्दछ? हामी कुन नियतले चलिरहनुपर्दछ? यो दुःख लाग्दो छ कि अहिले हाम्रो चर्चमा अहङ्कार र आफ्नो भाउ खोज्ने प्रवृत्ति विद्यमान छ। हाम्रो चर्चमा पाखण्डीपना,

धोका दिने वा एक आपसमा छलकपट गर्ने, आकर्षित वस्त्रको प्रदर्शन गर्ने, चर्चको कार्यक्रमलाई तुच्छ वा हल्का रूपमा लिने, रमाइलो गर्ने अरूहरूलाई दवाएर आफू उच्च पद लिने जस्ता दुःखपूर्ण प्रवृत्तिहरूले अड्डा जमाइरहेका छन्। ती सबै पापहरूले येशूभक्त भनेर दावी गर्ने सेभेन्थ-डे एडभेन्टिस्टहरूको दिमागमा बादल जस्तो ढाकिरहेका छन्। के ठिक के बेठिक छुट्याउन नै तिनीहरू असक्षम भइरहेका छन्। के हामी पवित्र धर्मशास्त्र बाइबललाई केलाएर नपढौं जसमा हामी संसारको इतिहासको कुन क्षणमा छौं भनेर लेखिएको छ? यस युगको अन्तिम घडीमा हामीलाई दिएको जिम्मेवारीलाई के हामीले बौद्धिक क्षमतालाई प्रयोग गरेर सम्पन्न नगर्ने त? प्रायश्चित्तको काम अघि बढीरहेको बेलामा हामी पापी हौं भनेर के स्वीकार नगर्ने त? यदि हामी मुक्तिका निम्ति कुनै चासो राख्छौं भने हामीमा निर्णायक परिवर्तन आउनैपर्दछ। सच्चा दुःख मनाउँदै हामीले परमेश्वरको खोजिनीति गर्नैपर्छ। हामी हृदयदेखि नै दुःखित भएर हाम्रा पापहरू स्वीकार गर्नुपर्दछ ताकि तिनीहरू मेटियून्।

परमेश्वरबाट टाढा राखेर हामीलाई मोहित पार्ने कुनै पनि तत्त्वमा हामी अल्झिरहनुहुन्न। हाम्रो परीक्षण काल समाप्त हुँदैछ। चाहे संसारको होस् वा यस संसारमा हाम्रै जीवन किन नहोस् त्यसको अस्तित्व छिटै अन्त्य हुन लागेको छ। प्रत्येक मानिसले गम्भीर भएर यो सोचून्, परमेश्वरको सामु म कसरी उभिन सकूँ? येशू ख्रीष्टको ओठमा हाम्रो नाउँ कहिले निस्किनेछ र हाम्रा मामिलाहरू वा न्यायको फैसलाको निर्णय कहिले हुनेछ सो हामीलाई थाहा छैन। ओहो, त्यसबेला हाम्रो बारेमा निर्णयहरू कस्तो होला! के हामी धर्मीहरूको माझमा हुन्छौं कि वा दुष्टहरूको माझमा?

## सेभेन्थ-डे एडभेन्टिस्ट चर्च उठ्नैपर्छ र पश्चात्ताप गर्नै पर्छ

एडभेन्टिस्ट चर्च उठून् र परमेश्वरबाट पछि हटिरहेको छ भनेर स्वीकार गरेर पछुतो गरून्। सुसमाचारको झण्डा बोक्नेहरू जागून् र तुरहीको जगाउने निश्चित आवाज बनाऊन्। हामीमा ठोस र निर्णायक चेतावनी छ जुन् घोषणा गर्नैपर्छ। उहाँका सेवकहरूलाई परमेश्वरले यो आदेश दिनुहुन्छ, "उच्च स्वरले चिच्याऊ, तुरहीको जस्तै आवाजले तिमीहरूको स्वर उचाल, र मेरा मानिसहरूलाई तिनीहरूले गरेका अपराधहरूको भन्डाफोर गर। याकूबको घरानालाई तिनीहरूका पापहरू देखाऊ।" यशैया ५८:१। मानिसहरूका ध्यानलाई आकर्षित गर्नैपर्छ। यो गरेन भने सबै प्रयासहरू बेकारको हुनेछ। स्वर्गदूतै आएर तिनीहरूलाई बोलेतापनि त्यसको अर्थ हुँदैन। उनले बोल्ने

वचनहरूको केही भलो हुँदैन। ती वचनहरू मूर्दाहरूको कानमा बोलेको जस्तै हुनेछ।

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च सक्रिय हुन उठ्नैपर्छ। पवित्र आत्माका निम्ति बाटो तयार नपारुञ्जेल उहाँ कहिल्यै पनि आउनुहुन्न। येशूका सबै भक्तहरूले इमान्दारपूर्वक आआफ्नो हृदय खोतल्नैपर्छ। विश्वासीहरू एक हुनुपर्दछ, तिनीहरू निरन्तर रूपमा प्रार्थना गरिरहनुपर्दछ, र विश्वासद्वारा परमेश्वरका प्रतिज्ञाहरूलाई दावी गर्नैपर्छ। केवल भाङ्ग्रो ओडेर पछुताव गरेको छ भनेर देखाउने मात्र होइन जुन पौराणिक इस्राएलमा गरिन्थ्यो। तर हृदयदेखि नै गहिरो नम्रता देखाउनैपर्छ। आफूले आफैलाई स्यावास दिने र आफ्नो ईश्वरभक्ति जीवन उचाइमा छ भनेर तर्क गर्नु पर्ने कुनै कारण पनि छैन। परमेश्वरको शक्तिशाली हातको सामु हामी नम्र हुनुपर्दछ। सत्यवादी भएर उहाँलाई खोज्नेहरूको सामु उहाँ देखा पर्नुहुनेछ र सान्त्वना दिनुहुनेछ।

हाम्रो सामु काम छ; तर के त्यसमा हामी व्यस्त हौंला र? हामी द्रुतरूपमा काम गर्नुपर्छ र तीव्र गतिमा अघि बढ्नैपर्छ। परमेश्वरको महान दिनका निम्ति हामी तयार भइरहनु नै पर्दछ। खेर फाल्ने हाम्रो समय छैन। स्वार्थी लक्ष्यमा अलमलिने समय हाम्रो छैन। संसारलाई चेतावनी दिनैपर्छ। अरूका सामु आत्मज्योति चम्काउन हामी व्यक्तिगत तवरले के गरिरहेका छौं? प्रत्येक मानिसमा परमेश्वरले काम दिनुभएको छ। सबैका आआफ्नै जिम्मेवारी छ। यदि हामीलाई दिएको जिम्मेवारीलाई पन्छाएर चल्यौं भने हामी पनि पतन हुन निश्चय छ।

ओ मेरा दाजुभाइ, दिदी बहिनीहरू, के तपाईंहरूले पवित्र आत्मालाई दुःखित बनाउनुहुन्छ र तपाईंहरूबाट उहाँ हटेको के तपाईंहरू चाहनुहुन्छ? प्रिय मुक्तिदाता तपाईंहरूबाट बाहिरिएको के तपाईंहरू चाहनुहुन्छ? उहाँको उपस्थितिको निम्ति तपाईंहरू तयार नहुनु भएकोले उहाँ तपाईंहरूमा भित्रिनुहुन्न। सत्य ज्ञानहरूप्रति तपाईंहरू मोहित नहुँदा तपाईंहरूको अनन्त जीवन नै धरापमा परिरहेको छ। येशूले तपाईंहरूलाई बोकाउनुभएको भार तपाईंहरूले बोक्न चाहनुहुन्न किनकि तपाईंहरू मोजमस्तीमा लाग्न चाहनुहुन्छ। हामी निन्द्राबाट जागौं। "सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु सैतान वा दियाबलस कसलाई भेट्टाऊँ र खाइहाँलू भनी गर्जने सिंहझैं खोजीहिंड्छ।" १ पत्रुस ५:८। -*द रिभ्यु एण्ड हेराल्ड,* मार्च २२, १८८७।

## पुनर्जागरणसँगै सुधार पनि हुन्छ

**सेभेन्थ-डे एडभेन्टिस्ट हौं भनेर दावी गर्ने धेरै मानिसहरूमा आत्मिक जीवनको सास नै नभएको देखिन्छ। यसले मलाई धेरै दु:खित बनाउँछ। कतिपय येशूभक्त भनेर दावी गर्नेहरू संसारसँग, भौतिक शरीर वा कामवासनाको तृप्तिसँग प्रतिकार गर्न र सैतानसँगको युद्धमा अग्रसर नदेखाइरहेको मैले महसुस गरेको छ। अर्ध मुर्छामा परेका इसाईहरूको स्वार्थी जीवन, संसारको प्रतिस्पर्धाको लोभ फस्ने प्रवृत्ति, नास्तिक वा अनीश्वरवादीसँग काँधमा काँध मिलाउने बानी र असत्य वा झूटो जीवनलाई अनुमोदन गरेर चल्ने संस्कारलाई के हामीले स्यावास दिने त?- अहँ!** परमेश्वरको अनुग्रहले सत्यका नीति तथा शिक्षाहरूमा अटल भइरहौं। हाम्रो विश्वासको सुरुदेखि नै पक्रिराखेको सत्यका नीतिलाई बलियो गरेर पक्रिराखौं। हाम्रो आत्मिक कारोबारमा हेलचेक्र्याइँ नगरौं। आत्मामा जोशिलो होऔं। परमेश्वरको सेवा गर्दै रहौं। (रोमी १२:११)। हाम्रो स्वामी केवल एकमात्र हुनुहुन्छ। उहाँ हुनुहुन्छ येशू ख्रीष्ट। उहाँ प्रति मात्र हाम्रो नजर राखिरहनुपर्दछ। उहाँबाट नै हामीले ज्ञान र बुद्धि पाउँछौं। उहाँको अनुग्रहले हाम्रो इमानलाई जोगाउनु पर्दछ। नम्र र चुर्ण हृदयले परमेश्वरको अगाडि उभिरहौं। सारा संसारमा हामी उहाँका प्रतिनिधिहरू भएर खडा हुन सकौं।

हाम्रो चर्चमा जीवित प्रवचनहरूको माग छ। सेभेन्थ-डे एडभेन्टिस्ट विश्वासीहरू पवित्र आत्मामा भन्दा पुलपिटबाट दिएका धर्मोपदेशहरूमाथि भर परिरहेको हुन्छ। जब येशूभक्तहरूलाई प्रदान गरिएका आत्मिक वरदानलाई बेवास्ता गर्दछन् र सदुपयोग गर्दैनन्, तब येशूभक्त भनेर दावी गर्नेहरूको आस्था कमजोर भएर भत्किरहेको हुन्छ। चर्चका पास्टरहरू नयाँ नयाँ ठाउँमा जानुपर्दछ ताकि चर्चका सदस्यहरूले आफ्नो जिम्मेवारीहरूलाई महसुस गर्न सकून्। तिनीहरूले तिनीहरूका क्षमताहरूलाई चर्चको उत्थानको निम्ति प्रयोग गरियो भने तिनीहरूका क्षमताहरू बढ्नेछन्।

पास्टर र चर्चका सदस्यहरूलाई तिनीहरूका आत्मिक कमजोरीप्रति येशूले घोर आपत्ति जनाउँदै भन्नुहुन्छ, "मलाई तिम्रा कामहरू थाहा छ। तिमी चिसो पनि छैनौ, तातो पनि छैनौ, चिसो कि तातो भए त हुनेथियो। किनकि तिमी मनतातो छौ, न चिसो न तातो, यसकारण म तिमीहरूलाई मेरो मुखबाट उकेलिदिनेछु। "म धनी छु, र मसित धन-सम्पत्ति छ, र मलाई केही कुराको खाँचो छैन" भनी तिमी भन्दछौ, तर तिमीलाई थाहै छैन कि तिमी दु:खी, दयनीय, दरिद्र, अन्धा र नाङ्गा छौ। यसकारण धनी हुनलाई आगोले खारेको सुन र

आफ्नो नग्नताको शर्म ढाक्नलाई सेतो वस्त्र र तिमीले देख्न सक भनी तिम्रा आँखामा लाउनलाई मलम, यी सबै मबाट किन्न म तिमीलाई सल्लाह दिन्छु।" प्रकाश ३:१४-१८। परमेश्वरले सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई आत्मिक पुनर्जागरण र आत्मिक सुधार गर्न आह्वान गरिरहनुभएको छ। यदि यो प्रक्रियामा कोही गएन भने मनतातो एडभेन्टिस्टहरू झन झन चिसो हुँदै जानेछ र परमेश्वरको सामु आपत्तिजनक हुँदै जानेछ। अनि अन्तमा आएर उहाँले तिनीहरूलाई आफ्ना छोराछोरी भनेर दावी गर्न त्याग्नु हुनेछ।

विश्वासीहरूमा पुनर्जागरण र सुधार हुनै पर्छ। तर त्यो पवित्र आत्माको अगुवाइमा हुनुपर्छ। पुनर्जागरण र सुधार दुई फरक कुरो हो। पुनर्जागरणको अर्थ आत्मिक जीवनलाई नवीकरण गर्नु हो। दिमाग र हृदयका शक्तिहरूलाई जागरुक बनाउनु हो। यथार्थमा आत्मिक मुर्दाबाट पुनरुत्थान हुनु हो। सुधारिएको जीवन भनेको आफ्नो जीवनलाई उचित व्यवस्थित र अनुशासित ढँगले चलाउनु हो। तर्क, विचार, सिद्धान्त, आचरण र व्यवहारमा परिवर्तन ल्याउनु हो। यदि पवित्र आत्मासँग मिलेर पुनर्जागरण भएन भने सुधारिएको जीवनले धार्मिकताको असल फल फलाउन सक्दैन। पुनर्जागरण र सुधारिएको जीवनलाई आआफ्नो काम गर्न दिनुपर्दछ। पुनर्जागरण र सुधारिएको जीवन एक आपसमा बुन्नैपर्दछ। -*द रिभ्यु एण्ड हेराल्ड,* फेब्रुअरी २५, १९०२।

## सरल माध्यमहरू प्रयोग गरिनेछन्

विभिन्न तरिका र औजार वा माध्यमहरूबाट उहाँका योजनाहरू कार्यान्वयन गरिनेछ भनेर परमेश्वरले मलाई देखाउनुभएको थियो। येशूका सुसमाचार सुनाउने पवित्र र महान काम अत्यन्तै प्रतिभाशालीलाई मात्र होइन, काम र विश्वासमा उच्च पदमा आसिन भएकाहरूबाट मात्र होइन वा संसारको दृष्टिमा उच्च शिक्षा वा अनेकौं डिग्री पाएका शिक्षित वा पण्डित वर्गहरूलाई मात्र सुम्पिएको छैन। उहाँले सरल, साधारण र नपत्याउने खालका मानिसहरूलाई पनि आफ्नो कामको निम्ति प्रयोग गर्नुहुन्छ। परमेश्वरको कामलाई अगाडि बढाउन उहाँले कम सुविधाहरूमा दुःख पाइरहेकाहरूलाई पनि प्रयोग गर्नुहुन्छ। तिनीहरूलाई परमेश्वरले प्रयोग गर्नुभएर धनसम्पत्ति र जग्गाजमिन हुनेहरूलाई सत्य सिकाउनेछन्। अनि तिनीहरू प्रभावित भएर तिनीहरूमा भएका स्रोतहरू प्रभुको काममा अघि बढाउन सहायता गर्नेछन्।– *लेटर ६२, १९०९।*